संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १३ गते शनिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले हिजोदेखि नै प्रमुख प्रतिपक्ष दलले आफ्ना कुराहरु राखेर आइरहेको छ र सो विषयमा आज सम्माननीय प्रधानमन्त्रीले जवाफ दिने जानकारी गराउनु हुँदै माननीय सदस्यहरुले आफ्नो आशन ग्रहण गरेर आजको कारवाही अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्दै सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई सो विषयमा स्पष्ट पार्न समय दिनु भएपछि माननीय सदस्हरुले आ-आफ्नो आशन ग्रहण गर्नु भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले "पशुपतिनाथको जलहरी लगायतका विषयमा काम गर्ने क्षेत्राधिकार पशुपति विकास कोषको रहेको, जलहरीका केही विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि छानविन भइरहेको र जलहरी सम्बन्धी विषयमा प्रमुख प्रतिपक्ष दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको र यस्ता विषयहरु संसदको रेकर्डबाट हटाउने परम्परा पनि रहेको छ" भन्नु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले मिति २०८० जेठ १० गते आर्थिक वर्ष २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथीको छलफलमा भागलिने क्रममा मा० सदस्य श्री लेखनाथ दाहालले प्रयोग गर्नु भएको "स्वास्थ्य सामाग्रीको दुई अरबको भ्रष्टाचार, पशुपतिनाथको जलहरी लगाउँदा सुन भनेर पित्तल लगाएर गरेका भ्रष्टाचारहरु" भन्ने शब्दहरु संसदको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नु भयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री विश्वप्रकाश शर्मा
२. मा० श्री सराज अहमद फारुकी
३. मा० श्री सन्तोष परियार
४. मा० श्री बुद्धिमान तामाङ
५. मा० श्री मन्जु शर्मा अन्सारी
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री गंगा प्रसाद यादव
८. मा० श्री रमेश लेखक
९. मा० श्री शोभा ज्ञवाली
१०. मा० श्री सान्ती चौधरी

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा स्पष्ट पार्नु भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री महेश कुमार वर्तौला
६. मा० श्री ज्वाला कुमारी साह
७. मा० श्री सुमना श्रेष्ठ
८. मा० श्री विराज भक्त श्रेष्ठ
९. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१०. मा० श्री रोसन कार्की
११. मा० श्री भगवती चौधरी
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री गोकर्ण विष्ट
१४. मा० श्री सुनिता बराल
१५. मा० श्री जुली कुमारी महतो (महासेठ)
१६. मा० श्री वासुदेव घिमिरे
१७. मा० श्री प्रेम बहादुर महर्जन
१८. मा० श्री सूर्य प्रसाद ढकाल
१९. मा० श्री मनिष झा
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री दामोदर भण्डारी
२२. मा० श्री लालविर चौधरी
२३. मा० श्री योगेन्द्र मण्डल
२४. मा० श्री भिम प्रसाद आचार्य
२५. मा० श्री सोविता गौतम
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री दिपक बहादुर सिंह
२८. मा० श्री ठाकुर प्रसाद गैरे
२९. मा० श्री लिलानाथ श्रेष्ठ
३०. मा० श्री ईश्वरी घर्ती

३१. मा० श्री मानबीर राई
३२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३३. मा० श्री शिव नेपाली
३४. मा० श्री गणेश पराजुली
३५. मा० श्री अमृतलाल राजवंशी
३६. मा० श्री हर्कमाया वि.क.
३७. मा० श्री विना लामा
३८. मा० श्री प्रदिप यादव
३९. मा० श्री गिता बस्नेत
४०. मा० श्री अनिशा नेपाली
४१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
४२. मा० श्री अशोक कुमार चौधरी
४३. मा० श्री तारा लामा तामाङ
४४. मा० श्री रेखा यादव
४५. मा० श्री दिलेन्द्र प्रसाद बडू
४६. मा० श्री अम्मर बहादुर थापा
४७. मा० डा० अमरेश कुमार सिंह
४८. मा० श्री दयाल बहादुर शाही
४९. मा० श्री मंजु शर्मा अन्सारी
५०. मा० श्री रन्जु कुमारी झा
५१. मा० श्री सराज अहमद फारुकी
५२. मा० श्री अच्युत प्रसाद मैनाली
५३. मा० श्री दिपा शर्मा
५४. मा० श्री विद्या भट्टराई
५५. मा० श्री प्रेम बहादुर आले
५६. मा० श्री राज किशोर यादव
५७. मा० श्री अर्जुन नरसिंह के.सी.

यसैबीच माननीय श्री गिता बस्नेतले आफ्नो स्पष्टिकरणको जवाफ नआएको भन्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले स्पष्ट पारिसक्नु भएकोले आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित माननीय सदस्यहरुले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि राख्नुभएको आ-आफ्नो संशोधन फिर्ता लिनुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री दिलेन्द्र प्रसाद बडु
३. मा० श्री गंगाराम चौधरी
४. मा० श्री रामप्रकाश चौधरी

त्यसैगरी निम्नलिखित माननीय सदस्यहरुले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि राख्नुभएको आफ्नो संशोधन फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

१. मा० श्री चित्र बहादुर के.सी.
२. मा० डा० चन्दा कार्की भण्डारी
३. मा० श्री एकनाथ ढकाल
४. मा० श्री बासुदेव घिमिरे
५. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
६. मा० श्री नारायण प्रसाद आचार्य
७. मा० श्री सोबिता गौतम
८. मा० श्री जुली कुमारी महतो (महासेठ)
९. मा० श्री भगवती चौधरी
१०. मा० श्री ज्वाला कुमारी साह
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री दयाल बहादुर शाही
१३. मा० श्री दामोदर पौडेल (बैरागी)
१४. मा० श्री महेश कुमार बर्तौला
१५. मा० श्री सूर्यप्रसाद ढकाल
१६. मा० श्री सुमना श्रेष्ठ

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

यसैबिच सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री ज्ञान बहादुर शाहीले ध्वनि मतबाट प्रष्ट नभएकोले लिखित मतदान गर्नुपर्ने भन्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०८० को व्यवस्था बमोजिम कम्तिमा अट्ठाइस जना मा० सदस्यहरु आफ्नो आशन अगाडि उभिएर लिखित मतदानको लागि माग गर्नुपर्ने भएकोले सोही प्रक्रिया बमोजिम आउनुपर्ने अन्यथा ध्वनि मतबाट नै प्रक्रिया अगाडि बढ्ने जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १४ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक राती ९:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव